ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 06.12.2024

- Ashtalakshmi

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभयो, पूर्वोत्तर क्षेत्रसित देशको विकासलाई गति दिने अपार सम्भावना छ। उहाँले भन्नुभयो, एक्काइसौं शताब्दी पूर्व, एसिया र भारतको हो। श्री मोदीले जोड़ दिँदै भन्नुभयो, पूर्वोत्तरका अगर्तला, गुवाहाटी, गान्तोक, ऐज्वल, सिलङ, इटानगर र कोहिमा जस्ता धेरै शहरहरूसित अन्य ठूला शहरहरू जस्तै व्यापक सम्भावना छ। नयाँ दिल्लीको भारत मण्डपमा अष्टलक्ष्मी महोत्सवको उदघाटनपछि उत्सवको महत्त्वमाथि प्रकाश पार्दै प्रधानमन्त्रीले भन्नुभयो, यस पहिलो अनि अद्वितीय उत्सवले पूर्वोत्तर राज्यहरूको व्यापक लगानीका अवसरहरू खोल्नेछ। उहाँले पूर्वोत्तरका कृषक, कारीगर र शिल्पकारहरूसितै विश्व भरिका निवेशकहरूका निम्ति यो एउटा ठूलो अवसर हो। यसअघि कार्यक्रममा पूर्वोत्तर राज्यका बालबालिकाले प्रधानमन्त्रीलाई अष्टलक्ष्मी विरूवाको रूपमा पिपलको विरूवा प्रदान गरे। तीन दिवसीय महोत्सवमा पूर्वोत्तर भारतको पारम्परिक कला, शिल्प र सांस्कृतिक प्रथाको प्रदर्शन गरिनेछ। यो उत्सव क्षेत्रीय कपड़ा उद्योग, हस्तशिल्प, पर्यटनका अवसर र सबै आठवटा पूर्वोत्तर राज्यको उत्पाद प्रदर्शित गर्ने एउटा असाधारण मञ्च हो। समारोहमा अन्य बाहेक मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ पनि उपस्थित हुनुहुन्थ्यो।

---------------------------------------X---------------------------------------

- Raj Bhawan

सीमा सड़क संगठनको परियोजना स्वस्तिकका मुख्य अभियन्ता ब्रिगेडियर श्री मनोज गुप्ताले आज राज्यपाल श्री ओमप्रकाश माथुरसित राजभवनमा भेट गर्नुभयो। यस अवसरमा उहाँसित कर्णल AK दीक्षित पनि हुनुहुन्थ्यो। भेट अवधि मुख्य अभियन्ताले राज्यपाललाई उत्तर सिक्किममा गत वर्ष आएको बाड़ीपछि चलिरहेको पुनर्स्थापनको प्रयासबारे पावर पोइन्ट प्रस्तुतीकरणको माध्यमबाट विस्तृत जानकारी गराउनुभयो। ब्रिगेडियर श्री गुप्ताले राज्यपाललाई जानगारी गराउँदै भन्नुभयो, सीमा सड़क संगठन स्वस्तिक परियोजनाअन्तर्गत उत्तर सिक्किममा बाढ़ी प्रभावित क्षेत्रहरूमा सड़क, पुल र अन्य आधारभूत पूर्वाधारको मरम्मति र पुनर्निर्माणको कार्य द्रुत गतिमा चलिरहेको छ। उहाँले सबै कार्य गुणस्तरीय र समयमा पूरा गर्ने विषयमा पनि श्री माथुरलाई आश्वास्त गर्नुभयो। मुख्य अभियन्ताले सिक्किममा आगामी मेगा परियोजना र भारतमालाको बारेमा पनि राज्यपाललाई अवगत गराउनुभयो। राज्यपाल र सीमा सड़क संगठनका प्रतिनिधिहरूबीच परियोजनाको उद्देश्यमाथि पनि चर्चा भयो। राज्यपालले कठिन परिस्थितिमा पनि संगठनले गरेको निःस्वार्थ सेवाको सराहना गर्दै कम समयमा उत्तर सिक्किमलाई पर्यटकहरूका निम्ति खोलिएकोमा धन्यवाद व्यक्त गर्नुभयो। यस अवसरमा राज्यपालले उत्तर सिक्किममा पुनर्स्थापना कार्यका लागि सीमा सड़क कार्य बलका सात सय अन्ठाउनजना सदस्यलाई राज्यपाल एकाई प्रशंसा पुरस्कारले सम्मानित गर्नुभयो।

---------------------------------------X---------------------------------------

- Road Diversion

सड़क मार्गमा दैनिक प्रयोगकर्ताहरूको सुरक्षा अनि वाहनको आवागमनलाई ध्यानमा राख्दै सिक्किम सरकारको सड़क एवं पुल विभागले नयाँ बजार-दरामदिन-फामबोङ सड़क मार्गबीच दरामदिन बजार मुनी उन्नाइस किलोमिटरमा क्षतिग्रस्त मार्गको मरम्मत कार्य गर्ने भएको छ। यस सम्बन्धमा सोरेङ जिल्लाको पुलिस अधीक्षक कार्यालयले एउटा आदेश जारी गर्दै आगामी छदेखि एकतीस दिसम्बरसम्म दरामदिन बजार मुनीको मार्गमा सबै प्रकारका वाहनको आवागमनलाई बन्द गर्ने जानकारी गराएको छ। आदेशमा भनिएअनुसार यस अवधि आम मानिसहरूको सुविधालाई ध्यानमा राख्दै वैकल्पिक मार्ग थर्पु-साइली गोलाई अनि थर्पु-टिम्बुरबुङ-सोमबारियाबाट भएर वाहनहरूको आवाजायीलाई मोड़िनेछ।

---------------------------------------X---------------------------------------

- CM Mumbai

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ हिजो महाराष्ट्रका नयाँ नेतृत्वहरूको शपथ ग्रहणलाई लिएर मुमबईको आजाद मैदानमा आयोजित समारोहमा सहभागी बन्नुभयो। प्रधानमन्त्री श्री नरेन्द्र मोदीको उपस्थितिमा सम्पन्न समारोहमा श्री देवेन्द्र भड्नविसले महाराष्ट्रका मुख्यमन्त्री अनि श्री एकनाथ सिन्दे र श्री अजित पावरले उपमुख्यमन्त्रीको शपथ लिनुभयो।

नवनियुक्त मुख्यमन्त्री र उपमुख्यमन्त्री द्वयलाई सफल कार्यकालको बधाई दिँदै श्री तामाङले यस समारोहलाई महाराष्ट्रका लागि महत्त्वपूर्ण माइलखुट्टी बताउनुभयो। मुख्यमन्त्री श्री तामाङले उहाँहरूको दूरदर्शी नेतृत्व, अटल समर्पण र प्रतिबद्धताका साथ महाराष्ट्रले उत्कृष्टताको नयाँ उँचाई स्थापित गर्नका साथै प्रगति र समृद्धि प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभएको छ।

---------------------------------------X---------------------------------------

- SGAY Inauguration

सोरेङ-च्याखुङका विधायक श्री आदित्य गोलेले आज आफ्नो क्षेत्रमा पाँचजना लाभार्थीको सिक्किम गरीब आवास योजनाअन्तर्गत निर्मित घरहरूको उदघाटन गर्नुभयो। यो योजना समाजका आर्थिक रूपले कमजोर वर्गहरूलाई सुरक्षित र टिकाउँ आवास उपलब्ध गराउने सरकारको एउटा ध्वजवाहक आवास योजना हो। मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको मार्गदर्शनमा शुरू भएको यस परियोजनाले राज्यका नागरिकको जीवन स्तरमा सुधार गर्ने सरकारको समर्पणलाई दर्शाउँदछ। नवनिर्मित आवासको उदघाटन समारोहमा क्षेत्र विधायकको साथमा च्याङुखका जिल्ला पञ्चायत श्री दिपक गुरूङ र पञ्चायतगणको उपस्थिति थियो।

---------------------------------------X---------------------------------------

- Sikkim in SIAL exhibition

सिक्किमका उद्यमीहरूले नयाँ दिल्लीको द्वारकास्थित यशोभूमि सम्मेलन केन्द्रमा हिजोदेखि शुरू भएको सियाल प्रदर्शनीमा भाग लिइरहेछन्। सिक्किम सरकारको वाणिज्य एवं उद्योग विभागले राज्य प्रतिनिधिमण्डलका रूपमा नौंजना उद्यमीहरूलाई राज्यका जैविक उत्पाद विशेषगरी डल्ले खोर्सानी, अदुवा, ठूलो अलैंची किवी आदि जस्ता उत्पादको प्रदर्शन र प्रवर्द्धन गर्न दिल्ली पठाएको छ, जसले भोली समाप्त हुने तीन दिवसीय प्रदर्शनिमा सहभागिता जनाइरहेछन्।

---------------------------------------X---------------------------------------